# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

वर्ष ७ अंक २, २०८० कार्त्तिक १५ गते, बुधबार

## विज्ञान तथा प्राविधिक विषय अध्ययन र विपन्न विद्यार्थी छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना:**

नेपाल सरकार संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन तथा सबै बालबालिकाहरुलाई टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले नेपालको संविधान प्रदत्त स्थानीय तहको एकल अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ज (१६) मा उल्लेखित स्थानीय तहको शिक्षा सम्बन्धीले दिएको अधिकार प्रयोग गरी कालिगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकले "**विज्ञान तथा प्राविधिक विषय अध्ययन र विपन्न विद्यार्थी छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०८०**" जारी गरेको छ ।

### परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम - **विज्ञान तथा प्राविधिक विषय अध्ययन र विपन्न विद्यार्थी छात्रवृत्ति कार्यान्वयन कार्यविधि,** २०८० रहनेछ।

१.२ कार्यविधि कालिगण्डकी गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात यो कार्यविधि कार्यन्वयनमा आउने छ।

१.३ यो कार्यविधि कालिगण्डकी गाउँपालिकाका विद्यार्थीहरुको हकमा मात्र लागु हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

क. **"ऐन"** भन्नाले कालिगण्डकी गाउँपालिका शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ।

ख. **"गाउँपालिका"** भन्नाले कालिगण्डकी गाउँपालिकालाई सम्झनु पर्छ ।

ग. **"कार्यपालिका"** भन्नाले कालिगण्डकी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ. **"समिति"** भन्नाले छात्रवृत्ति छनौट समितिलाई समझनु पर्दछ ।

ङ. **"अध्यक्ष"** भन्नाले कालिगण्डकी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

च. **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले कालिगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

छ. **"शाखा"** भन्नाले कालिगण्डकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनु पर्छ ।

ज. **"शाखा प्रमुख"** भन्नाले शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखलाई सम्झनु पर्दछ।

झ. **"शिक्षक"** भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा अध्यापनरत शिक्षकलाई सम्झनु पर्दछ।

ञ. **"विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

ट. **"विद्यार्थी"** भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कालिगण्डकी गाउँपालिका स्थायी ठेगाना भई प्रमाणपत्र तह उत्तिर्ण गरेको विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

ठ. **"लक्षित वर्ग"** भन्नाले कालिगण्डकी गाउँपालिकाको विद्यार्थीले प्रविणता प्रमाण पत्र, स्नातक तथा स्नातकोत्तर तहमा विज्ञान तथा प्राविधिक विषय अध्ययनरत वा अति विपन्न, भिन्न क्षमता, दलित, जेहेन्दार, आर्थिक अवस्था कमजोर विद्यार्थीले शिक्षा, व्यवस्थापन र मानविकि विषय लिई अध्ययनरत विधार्थीलाई जनाउने छ ।

**परिच्छेद - २**

**३. उद्देश्यहरु**

यस कार्यविधि कार्यन्वयनका उद्देश्यहरु देहाय अनुसार रहेको छ।

क) प्रविणता प्रमाण पत्र, स्नातक तथा स्नातकोत्तर तहमा विज्ञान तथा प्राविधिक विषय अध्ययनरत वा अति विपन्न, भिन्न क्षमता, दलित, जेहेन्दार, आर्थिक अवस्था कमजोर विद्यार्थीले शिक्षा, व्यवस्थापन र मानविकि विषय लिई अध्ययनरत विद्यार्थीहरु पहिचान गरी छात्रवृति प्रदान गर्ने ब्यवस्था गर्ने।

ख) छनौट भएका लक्षित विद्यार्थीहरुलाई विज्ञान तथा प्राविधिक वा अति विपन्न, भिन्न क्षमता, दलित, जेहेन्दार, आर्थिक अवस्था कमजोर विद्यार्थीले शिक्षा, व्यवस्थापन र मानविकि विषय लिई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्ने।

**परिच्छेद - ३**

**४. छात्रवृत्ति छनौट समिति:-**

गाउँपालिका स्तरीय छात्रवृत्ति छनौट समिति देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख. | स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| ग. | महिला विकास शाखा प्रमुख | - सदस्य |
| घ. | प्रमुख प्रशासकीय अधिकृतले तोकेको व्यक्ति | - सदस्य |
| ङ. | शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख | - सदस्य सचिव |

**५. विद्यार्थी छनोट प्रकृया :** गाउँपालिकाबाट १० दिनको म्याद राखी सुचना प्रकाशित गर्ने । तत् सुचना बमोजिम प्रविणता प्रमाण पत्र, स्नातक तथा स्नातकोत्तर तहमा विज्ञान तथा प्राविधिक विषय अध्ययनरत वा अति विपन्न, भिन्न क्षमता, दलित, जेहेन्दार, आर्थिक अवस्था कमजोर विद्यार्थीले शिक्षा, व्यवस्थापन र मानविकि विषय लिई अध्ययनरत विद्यार्थीहरुले अनुसुची-१ अनुसारको फारम भरी आवश्यक कागजात सहित शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्ने र निवेदकहरुले पेश गरेको फारम र कागजातहरुको अध्ययन गरी गाउँपालिका स्तरीय छात्रवृत्ति छनौट समितिबाट छनौट गरी कार्यपालिकामा सिफारिस गरी कार्यपालिकाबाट स्वीकृत व्यक्ति नै छात्रवृत्ति प्राप्त गर्न योग्य मानिने ।

**६. छात्रवृत्ति रकम :** छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्गका विद्यार्थीहरुलाई विद्यार्थी प्रोत्साहन स्वरुप आवासीय वा गैर आवासीय छात्रवृत्ति प्रदान गर्नका लागि गाउँपालिकाको बजेट/कार्यक्रमलाई आधार मानिनेछ । र विनियोजित बजेटको उपलब्धता र प्राप्त निवेदन समेतलाई आधार मानि देहाय अनुसारको विवरणमा छात्रवृत्ति रकम छात्रवृत्ति छनौट समितिले कार्यपालिकालाई सिफारिस गर्नेछ ।

**देहाय:-**

| क्र.सं. | विवरण | अधिकतम रकम |
|---|---|---|
| १. | कक्षा ११/१२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थी | १००००० |
| २. | स्नातक तहमा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थी | ५०००० |
| ३. | MBBS अध्ययन गर्ने विद्यार्थी | १००००० |

| | | |
|---|---|---|
| ४. | B.Sc. Ag. अध्ययन गर्ने विद्यार्थी | १००००० |
| ५. | Engeineering, CA, Architect, वन विज्ञान, कृषि विज्ञान अध्ययन गर्ने विद्यार्थी | ७५००० |
| ६. | प्राविधिक विषय (स्टाफ नर्स, फार्मेसी, एच.ए., भेटनेरी, ल्याव टेक्नीसिएन) अध्ययन गर्ने विद्यार्थी | ४०००० |
| ७. | आर्थिक अवस्था कमजोर रहेका अन्य विषय लिई कक्षा ११/१२, स्नातक वा स्नातकोत्तरन अध्ययन गर्ने दलित, जनजाति, अपाङ्ग विद्यार्थी गणित अध्ययन आर्थिक अवस्था कमजोर | ५०००० |

## परिच्छेद - ४

**७. छात्रवृत्ति प्राप्त गर्न निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-**

कार्यलयबाट छात्रवृत्ति वितरण सम्बन्धि १० दिने सार्वजनिक सुचना प्रकाशन गर्नुपर्ने छ । ईच्छुक ब्यक्तिले अनुसुची १ अनुसार ढाँचामा फारम भरि देहाय अनुसारका कागजातहरु सहित शाखामा पेश गर्नुपर्ने छ ।

**देहाय:-**

१. निवेदन
२. विद्यार्थीको जन्मदर्ता वा नागरिकताको प्रतिलिपि
३. विद्यार्थीको शैक्षिक प्रमाण पत्रहरुको कागजातहरु
४. बुवा र आमाको नागरिकताको प्रतिलिपि
५. अध्ययन गरिरहेको विद्यालय तथा क्याम्पसको सिफारिस
६. विद्यालय/क्याम्पस भर्ना भएको रसिदको प्रतिलिपि
७. चेक
८. अपाङ्ग/जनजाति प्रमाणित प्रतिलिपि वा आर्थिक अवस्था कमजोर रहेको व्यहारा प्रमाणित
९. वडा को सिफारिस

**८. छात्रवृत्ति रकम निकासा :-**

निवेदकको छानविन गाउँपालिका स्तरीय छात्रवृत्ति छनौट समितिबाट हुनेछ । गाउँपालिका स्तरिय छात्रवृत्ति छनोट समितिबाट सिफारिस भईसके पश्चात कार्यपालिकाले स्वीकृत गरेपछि वार्षिक स्वीकृत बजेटबाट विधार्थीको तोकिएको रकम बैंक खातामा निकासा दिईनेछ । उक्त रकम विद्यार्थीले प्रविणता प्रमाण पत्र, स्नातक तथा स्नाकोत्तर तहमा विज्ञान तथा प्राविधिक विषय अध्ययनमा वा अति विपन्न, भिन्न क्षमता, दलित, जेहेन्दार, आर्थिक अवस्था कमजोर विद्यार्थीले शिक्षा, व्यवस्थापन र मानविकि विषय अध्ययनमा खर्च गर्नुपर्ने छ।

**९. यस कार्यविधि बमोजिम हुने :** यस कार्यविधिमा उल्लेखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**१०. कारवाही :** निवेदकले झुठ्ठा/गलत सूचना दिई निवेदन पेश गर्ने विद्यार्थीलाई निजले बुझेको छात्रवृत्ति रकमको दोब्बर रकम जरीवाना गरी अन्य कुनैपनि किसिमको छात्रवृत्ति सुविधा उपलब्ध गराइने छैन ।

## अनुसूची - १

### छात्रवृत्ति सम्बन्धि सूचना

मिति :- ....................

श्री ...................................... विद्यार्थीहरु,
कालिगण्डकी गाउँपालिका, गुल्मी।

**विषय :-** छात्रवृत्ति दरखास्त आवह्वान सम्बन्धमा।

प्रस्तुत विषयमा यस कालिगण्डकी गाउँपालिकाको आ.व. २०.......... मा रहेको छात्रवृत्ति कोष शिर्षक अन्तर्गत SEE परीक्षा यस पालिकाका सामुदायिक विद्यालयहरुबाट उत्तिर्ण भई कक्षा कक्षा ११ र १२, स्नातक तथा स्नातकोत्तर तहमा .................... विषय अध्ययन गर्ने, कालिगण्डकी गा.पा. स्थायी ठेगाना भएका छात्रा/छात्रलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यसै साथ संलग्न अनुसुची-२ को फाराम भरी तपसिल अनुसारको कागजात सहित आजको मिति देखि १० दिन भित्र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा दरखास्त फारम पेश गर्नुहुन अनुरोध छ

**तपसिल:-**

१. निवेदन
२. विद्यार्थीको जन्मदर्ता वा नागरिकताको प्रतिलिपि
३. विद्यार्थीको शैक्षिक प्रमाण पत्रहरुको कागजातहरु
४. बुवा र आमाको नागरिकताको प्रतिलिपि
५. अध्ययन गरिरहेको विद्यालय तथा क्याम्पसको सिफारिस
६. विद्यालय/क्याम्पस भर्ना भएको रसिदको प्रतिलिपि
७. चेक
८. अपाङ्ग/जनजाति प्रमाणित प्रतिलिपि वा आर्थिक अवस्था कमजोर रहेको व्यहारा प्रमाणित
९. वडा को सिफारिस

...........................
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची - २**

**छात्रवृत्ति सम्बन्धि निवेदन फारम र कबुलियतनामा**

मिति : ............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
कालिगण्डकी गाउँपालिका, गुल्मी।

**विषय :-** छात्रवृत्ती सम्बन्धि निवेदन र कबुलियतनामा सम्बन्धमा।

कालिगण्डकी गाउँपालिकाको मिति ........................... को सूचना बमोजिम ........................ तह र ............................ विषयको अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति पाउन मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण खुलाई तहाँ कार्यालय समक्ष यो निवेदन पेश गरेको छु।

**१. विद्यार्थी सम्बन्धी विवरण :–**

क. नाम- थर- लिङ्ग-
ख. जन्म मिति-
ग. शारीरिक अवस्था-
घ. ठेगाना-
ङ. सम्पर्क नम्वर-
च. वैवाहिक स्थिति : विवाहित/अविवाहित
अध्ययन गरिरहेको विद्यालय वा क्याम्पसको नाम ठेगाना :-

अध्ययन गरिरहेको विद्यालय वा क्याम्पसको प्रकार :- सामुदायिक/निजि
छ. रोजगार अवस्था : रोजगार/बेरोजगार
रोजगार भए : संस्थाको नाम र ठेगाना :-

**२. बुवाको विवरण :-**

नाम थर-
सम्पर्क नम्वर-
पेशा-
शारीरिक अवस्था-
वावु नभएको भए सोको कारण- क) मृत्यु भएको ख) वेपत्ता ग) अर्को विवाह गरेको
घ) अन्य कारण..........................................................................................................

**३. आमाको विवरण :-**

नाम थर-
सम्पर्क नम्वर-
पेशा-
शारीरिक अवस्था-
आमा नभएको भए सोको कारण- क) मृत्यु भएको ख) वेपत्ता ग) अर्को विवाह गरेको
घ) अन्य कारण....................................

**४. पारिवारको विवरण :-**

| क्र.सं. | परिवारको सदस्यको नाम | विद्यार्थी संगको नाता | उमेर | पेशा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**५. शैक्षिक विवरण :-**

| क्र.सं. | अध्ययन गरेको शिक्षण संस्थाको नाम | विषय | उत्तिर्ण साल | श्रेणी | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**६. अध्ययन लागत :-**

अध्ययन बार्षिक शुल्क रु. :-

**७. बैंक खाता विवरण :-**

बैंकको नाम :-

बैंक खाताको शाखामा रहेको ठेगाना :-

बैंकको खातामा रहेको नाम (देवनागरी) :-

बैंकको खातामा रहेको नाम (अंग्रेजी) :-

बैंकको खाता नम्बर :-

- विज्ञान तथा प्राविधिक विषय अध्ययन र विपन्न विद्यार्थी छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०८० को पालना गरि मैले छात्रवृत्तिमा प्राप्त गरेको रकम शिक्षण सिकाइमा सदुपयोग गर्नेछु ।
- मैले भरेको फारमको सबै विवरण सही साँचो हुन् र अन्यथा भएमा कानुन बमोजिम सहुँला बुझाउँला ।
- कुनैपानि समयमा फारम छानविन हुँदा, भरेको विवरण झुट्टा प्रमाणित भएमा छात्रवृत्ति रकम फिर्ता गर्नेछु ।

**अभिभावकले निवेदन दिएको भए–**

सहीः

नाम, थरः

ठेगानाः

मितिः

सम्पर्क नम्बर:

**निवेदकको–**

सहीः

नाम, थरः

ठेगानाः

मितिः

सम्पर्क नम्बर:

| दायाँ | बायाँ |
|---|---|
| | |

**प्रमाणिकरण:**

**वेद बहादुर थापा**

गाउँपालिका अध्यक्ष

प्रमाणिकरण मिति : २०८० कार्त्तिक १५ गते, बुधबार।

आज्ञाले,

**नरेश गिरी**

प्रमुख प्रशासकीय अधिकृत